आज मिति २०७८ आश्विन १८ गते बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री सन्त बहादुर सुनारको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समिति बर्दियाको भर्चुअल माध्यमबाट बैठक बसी निम्नानुसारको निर्णय गरियो।

उपस्थिति

प्र.जि.अ. श्री सन्त बहादुर सुनार, जिल्ला प्रशासन कार्यालय, बर्दिया । अध्यक्ष

स.प्र.जि.अ. श्री माधव प्रसाद शर्मा, जिल्ला प्रशासन कार्यालय, बर्दिया ।

प्र.उ. श्री ईश्वर कार्की, जिल्ला प्रहरी कार्यालय बर्दिया ।

प्र.प्र.उ. श्री नरबहादुर रावत, सशस्त्र प्रहरी बल नेपाल नं. ३१ गण हे.क्वा.।

उप अनु.नि. श्री प्रज्वल खड्का, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, बर्दिया ।

सेनानी श्री मोहन के.सी., भैरव प्रसाद गण सुरक्षा गुल्म, बर्दिया।

प्रतिनिधि श्री धनेश कुमार यादव, नेपाल कम्युनिष्ट पार्टी (एमाले) बर्दिया ।

प्रतिनिधि श्री केशव कुमार यादव, लो.स.पा. बर्दिया ।

इ.प्र. श्री रेविका अमात्य, शिक्षा विकास तथा समन्वय इकाई, बर्दिया ।

डि.प्र. श्री प्रविन विडारी, डिभिजन वन कार्यालय, बर्दिया।

ब.ज.अ. श्री गोकर्ण गिरी, स्वास्थ्य कार्यालय बर्दिया ।

प्रतिनिधि श्री अनुभव चौधरी, बबई,भादा,औरही नदी व्यवस्थापन आयोजना

प्रतिनिधि श्री गणेश बहादुर थापा, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन इकाई धान सुपरजोन।

हे.अ. श्री रुपेन्द्र सोनकर, बर्दिया अस्पताल, गुलरिया ।

उपसभापति श्री रामचन्द्र थापा, नेपाल रेडक्रस सोसाइटी, बर्दिया ।

अध्यक्ष श्री यादव आचार्य, नेपाल पत्रकार महासंघ, बर्दिया ।

अध्यक्ष श्री भेषराज पौडेल, निर्माण व्यवसायी संघ, बर्दिया।

अध्यक्ष श्री देवेन्द्र पाण्डेय, उद्योग बाणिज्य संघ, गुलरिया ।

अध्यक्ष श्री राम सिंह चौधरी, उद्योग बाणिज्य संघ, बाँसगढी ।

अध्यक्ष श्री बालकृष्ण लामिछाने, उद्योग बाणिज्य संघ, बढैयाताल ।

अध्यक्ष, श्री बालकृष्ण वली, नागरिक समाज, बर्दिया

अध्यक्ष, श्री बिष्णु तिमिल्सिना, गै.स.स.महासंघ, बर्दिया ।

प्रतिनिधि किशोर कुमार चौधरी, थारु महिला उत्थान केन्द्र, बर्दिया ।

प्र.अ., श्री ओम प्रकाश देवकोटा, जिल्ला प्रशासन कार्यालय, बर्दिया।

प्र.अ. श्री नारायणप्रसाद ढकाल, जिल्ला प्रशासन कार्यालय, बर्दिया।

सू.व्य.अ.श्री मुकेश चन्द्र गौतम, DEOC, जिल्ला प्रशासन कार्यालय, बर्दिया ।

निर्णयः

१. कोभिड-१९ संक्रमणको जोखिम रोकथाम, नियन्त्रण, निदान र उपचार एवम् विपद्का सम्बन्धमा यस समितिको यस अघिको बैठकको निर्णय कार्यान्वयन स्थितिको समीक्षा एवम् वर्तमान अवस्थाको बारेमा छलफल भयो ।

२. कुसे हिमाल कृषि फार्म प्रा.लि.ले यस जिल्लाको मधुवन नगरपालिका वडा न. ९ मा केरा खेती गरेकोमा मिति २०७८/०५/२९ गते आएको हावाहुरीले केरा ढलाई करिब ५-१०-० जग्गामा लगाएको अन्दाजी ४८२८५००।- बराबरको क्षति पुर्याएको भनी क्षतिपूर्तिका लागि निवेदन पेश गर्नु भएकोले निवेदकले पेश गर्नुभएको कागजातहरु राहत र क्षतिपूर्तिका लागि सम्वन्धित निकायमा सिफारिस गर्ने ।

३. बिक्रुच पशुपन्छी तथा कृषि फर्मले यस जिल्लाको गुलरिया नगरपालिका वडा न. ५ मा बाख्रा पालन गरेकोमा मिति २०७८/०६/१० गते राती २२ वटा बाख्रा चितुवाले मारेकाले अन्दाजी रु. ३०००००।- बराबरको क्षति पुर्याएको जसमध्ये १२ वटा बाख्राको बीमा समेत गरेको पाइएकाले निवेदकले पेश गर्नुभएको कागजातहरु क्षतिपूर्ति/राहतका लागि डिभिजन वन कार्यालय, बर्दिया मार्फत लुम्बिनी प्रदेश सरकार समक्ष सिफारिस गर्ने।

४. यस जिल्लामा कोभिड-१९ संक्रमणबाट हालसम्म दुःखद निधन भएका २३४ जनालाई हार्दिक श्रद्धान्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा समवेदना प्रकट गर्ने । यसरी कोभिड-१९ बाट दुःखद निधन भएका १०६ जना व्यक्तिका परिवारलाई लुम्बिनी प्रदेश सरकारबाट विभिन्न चरणमा प्राप्त रकम मध्ये राहत वितरण हुन बाँकी परिवारलाई यथाशीघ्र राहत वितरण गर्ने । लुम्बिनी प्रदेश सरकारबाट राहत रकम निकासा हुन बाँकी १२८ जनाको परिवारलाई राहत रकम उपलब्ध गराइदिन पुनः प्रदेश सरकारलाई अनुरोध गर्ने ।

५. जिल्ला विपद् व्यवस्थापन समितिमा विपद्जन्य घटनाबाट क्षति भएकाहरुको लागि थप राहत रकम उपलब्ध गराइदिन प्रदेश सरकारमा अनुरोध गर्ने।

६. चाडपर्वमा हुन सक्ने सडक दुर्घटना लगायत विपद्जन्य घटनाहरुको न्यूनीकरणका लागि सम्बन्धित स्थानीय तह एवम् अन्य सरोकारवाला निकायले स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण पालनाका लागि जनचेतनामूलक कार्यक्रम संचालन गर्ने ।

७. कोभिड-१९ को जोखिम कायमै रहेकोले चाडपर्व मनाउदा सबै नागरिकले नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण रुपमा पालना गर्ने गराउने ।

८. गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ६२४ मिति २०७८/०६/१३ गतेको निर्णय कार्यान्वयन सम्बन्धी प्राप्त पत्र बैठकमा पेश भई छलफल भयो । उक्त पत्रबाट स्थल मार्गबाट नेपाल प्रवेशको लागि साविकमा तोकिएका अन्तर्राष्ट्रिय सीमा नाकाहरु खुला गर्ने निर्णय भए अनुसार *विदेशबाट नेपाल आगमन हुने र नेपालबाट प्रस्थान गर्ने यात्रुहरुको यात्रा व्यवस्थापन सम्बन्धी आदेश, २०७८* बमोजिमका स्वास्थ्य सुरक्षाका मापदण्ड पूर्ण पालना गर्ने गराउने । सीमा जोडिएका सम्बन्धित स्थानीय तहले हेल्थ डेस्क स्थापना गर्ने त्यसको आवश्यक सुरक्षा व्यवस्था नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपाल ३१ नं. गण हे.क्वा.ले गर्ने ।

९. चाडपर्वको अवसरमा बाहिरबाट जिल्ला भित्र आउने कोभिड-१९ को लक्षण देखिएका बर्दियाबासीहरुलाई सम्बन्धित स्थानीय तहले एन्टिजेन परीक्षण गराएर मात्र घरमा जाने व्यवस्था मिलाउने । सोको लागि स्वास्थ्य कार्यालय, बर्दियाले आवश्यक सहजीकरण गर्ने ।

१०. यस अघि भएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयनका लागि सम्वद्ध सबै पक्षसंग अनुरोध गर्ने।